नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, सुर्खेत
सडक डिभिजन प्युठान

फोन:९८५७८३३५६७
इमेल: drofficepyuthan@gmail.com
वेबसाइट: www.dor.gov.np/pyuthan

पत्र संख्या: २०८२/०८३
चलानी नं. ६२९

मिति:- २०८३।०१।१४
ने.सं. ११४६ बछलाथ्व एकादशी

विषय: स्वत: प्रकाशन सम्बन्धमा।

श्री जिल्ला हुलाक कार्यालय,
खलंगा प्यूठान।

प्रस्तुत विषयमा सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ५ (३) र सो को नियमावलीको नियम ३ बमोजिम यस कार्यालयले नियमित रुपमा आ.व.को तीन/तीन महिनामा प्रकाशन गरी सम्बन्धित निकाय तथा कार्यालयको सूचना पाटीमा प्रकाशन गर्ने गरिएको जानकारी गराउँदै आ.व. २०८२/८३ को तेस्रो त्रैमासिक स्वत: प्रकाशन प्रतिवेदन यसै पत्र साथ पठाईएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

**बोधार्थ:**
श्री सडक विभाग, बबरमहल, काठमाडौं।
श्री जिल्ला प्रशासन कार्यालय, प्यूठान।

१/१४

(विकेश लाखे)
इन्जिनियर

**सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धि नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण**

**२०८२ माघ १ गते देखि चैत्र महिनासम्म सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण**

**नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सडक बिभाग संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय, सुर्खेत सडक डिभिजन कार्यालय, जस्पुर प्यूठान ।**

**विषयसुची**


१. निकायको स्वरूप र कार्य प्रकृति

२. निकायको काम, कर्तव्य र अधिकार

३. निकायमा रहने कर्मचारी विवरण

४. निकायबाट प्रदान गरिने सेवाहरु

५. सेवा प्रदान गरिने निकायको शाखा तथा जिम्मेवारी

६. सेवा प्रदान गर्ने लाग्ने दस्तुर र सेवा अवधि

७. निर्णय गर्ने प्रक्रिया तथा अधिकारी

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

९. आ.व. २०८२/८३ मा निकायले सम्पादन गरेको कार्यको प्रगति विवरण

१०. सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र पद

११. ऐन, नियम तथा निर्देशिकाहरु

१२. आम्दानी, खर्च तथा आर्थिक कारोवारको विवरण

१३. तोकिय बमोजिमको अन्य विवरण

१४. अघिल्लो आर्थिक बर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण

१५. वेबसाइट

१६. वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राबिधिक सहयोग र सम्झौता सम्बन्धि विवरण

१७. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिबेदन

१८. सार्वजनिक निकायले बर्गिकरण तथा संरक्षण गरेको संरचनाको नामावली र तेस्तो सूचना संरक्षण गर्न तोकिएको समयाबधि... १०

१९. सार्वजनिक निकायमा परेको सुचनाको माग सम्बन्धि निवेदन र सो उपर सूचना दिएको विवरण...

२०. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सो को विवरण...

**सूचनाको हक सम्बन्ध ऐन २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धि नियमावलीव २०६५ को नियम – ३ बमोजिम सार्वजनिक गरिएको विवरण**

**सूचना सार्वजनिक गर्ने निकाय: सडक डिभिजन जस्पुर, प्यूठान**

**सूचना सार्वजनिक गरेको अवधि:- २०८२ माघ १ गते देखी चैत्र मसान्तसम्म**

## १. निकायको स्वरूप र कार्य प्रकृति

नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक बिभाग अन्तर्गत संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय, सुर्खेतको मातहतमा सडक डिभिजन प्यूठान रहेको छ।

नेपालको संविधानको अनुसूची ५ को बुँदा नं. २० मा "राष्ट्रिय यातायात नीति, रेल तथा राष्ट्रिय लोकमार्गको व्यवस्थापन" गर्ने कार्य संघको एकल अधिकार सूचीमा रहेको छ, साथै नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७६।०२।०६ को निर्णयानुसार राष्ट्रिय राजमार्गहरुको सूची अद्यावधिक गरी संघको कार्यसूचिमा सूचिकृत गरिएको हुँदा सडक विभागको मुख्य कार्यभार यिनै स्वीकृत भएका ८० वटा राजमार्गहरुमा (२४९१३ कि.मी.) सीमित हुनेछ। केही समयको लागि हरेक वर्ष जारी हुने विनियोजन विधेयकमा उक्त सूचीको अलावा अन्य सडक योजनाहरुमा समेत बजेट विनियोजन हुने भई विभागले कार्यान्वयन गर्ने गरेको भएतापनि सडक विभाग ८० वटा राजमार्गहरुको निर्माण/सुधार/विस्तार/स्तरोन्नति/ मर्मत सम्भारमा केन्द्रित हुने निश्चित प्रायः देखिन्छ।

## २. निकायको काम, कर्तव्य र अधिकार

माथी बुँदा नं. १ मा उल्लेख गरिए बमोजिम सडक विभागको कार्य मुख्य रुपमा ८० वटा राष्ट्रिय राजमार्गको निर्माण, संचालन तथा मर्मत र सम्भार सम्बन्धि कार्य हुने रहेको छ। त्यस बाहेक नेपाल सरकारबाट हरेक वर्ष जारी हुने विनियोजन विधेयकमा उल्लेखित उक्त सूचीको अलावा अन्य सडक तथा पुल योजनाहरुमा समेत निर्माण कार्य सडक विभाग अन्तर्गत रहि सडक डिभिजन कार्यालयहरुले कार्य सम्पादन गर्दै आएकोमा सडक डिभिजन जस्पुर प्यूठानको आ.व. २०८२।०८३ मा मुख्य कार्यक्षेत्र तल उल्लेख गरे अनुसार हरेको छ।

| क्र.सं. | सडकको नाम | लम्बाई |
|---|---|---|
| क) | राष्ट्रिय राजमार्गहरु | |
| १ | भालुवांग - चकचके - लिवांग – माडिचौर - दारबोट (NH-53) | ११९.९२ कि.मि. |
| २ | लोहोरपानी – देविस्थान – चकचके - खलंगा - चुजाठाँटि (NH-09) | ६१.०२ कि.मि. |
| ३ | होलेरी – थबाङ्ग (DB NH54) | २९.४८ कि.मि. |
| | जम्मा | २१०.४२ कि.मि. |

| | | |
|---|---|---|
| ख) | सहायक राजमार्ग | |
| १ | होलेरी – मैचाने (F13901) | २२ कि.मी |
| २ | होलेरी -भिंग्री -स्वर्गद्वारी (F13902) | १६ कि.मि. |
| | कूल जम्मा | ३८ कि.मि. |
| ग) | रणनैतिक सडक पुलहरु | |
| | झिमरुक नदि पुल, पकला | ८० मि. |
| घ) | स्थानीय सडक पुलहरू | |
| १ | झिमरुक नदि पुल, झिवांग-धुइबांग | १०५ मि. |
| २ | झिमरुक नदि पुल, बरौला | १२० मि. |
| ३ | माडी नदि पुल, जलुकी नल्सी स्वर्गद्धारी | ८० मि. |
| ४ | माडी नदि पुल, सारी-खुङ्ग्री | १०० मि. |

३. निकायमा रहने कर्मचारी विवरण

| क्र.सं. | पद | स्वीकृत दरबन्दी | पदपूर्ती भएको | रिक्त | कैफियत |
|---|---|---|---|---|---|
| १ | सि.डि.ई. (कार्यालय प्रमुख) | १ | १ | ० | |
| २ | इन्जिनयिर | ४ | ४ | ० | |
| ३ | लेखा अधिकृत | १ | ० | १ | |
| ४ | सब-इन्जिनियर | १० | ५ | ५ | |
| ५ | नायव सुब्बा | १ | १ | ० | |
| ६ | लेखापाल | १ | १ | ० | |
| ७ | कम्प्यूटर अपरेटर | १ | १ | ० | |
| ८ | कार्यालय सहयोगी | २ | २ | ० | करार सेवा |
| ९ | ह.स.चा. | २ | २ | ० | करार सेवा |
| | जम्मा | २३ | १७ | ६ | |

४. निकायबाट प्रदान गरिने सेवारु

- माथि बुदा नं. २ मा उल्लेखित राष्ट्रिय राजमार्गहरु र उक्त राजमार्गमा पर्ने पुलहरुको निर्माण, संचालन तथा मर्मत सम्भार।

- राष्ट्रिय राजमार्ग बाहेक नेपाल सरकारबाट हरेक वर्ष प्रस्तुत हुने बिनियोजन विधयेकमा उल्लेखित सडक तथा पुलहरुको निर्माण कार्य ।

तल प्रस्तुत सडक डिभिजन जस्पुर, प्यूठानको "नागरिक वडापत्र" ले निकायबाट प्रदान गरिने सेवाहरुको बारेमा थप जानकारी प्रदान गर्दछ ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग

# संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय

## सडक डिभिजन, प्यूठान

# नागरिक वडापत्र

### कार्यक्षेत्र: प्यूठान र रोल्पा जिल्ला

यस सडक डिभिजनबाट प्रत्यक्ष रुपमा सेवाग्राहीलाई प्रदान गरीने सेवा सुविधाहरु निम्न अनुसार रहेका छन् ।

| सि.न. | प्रदान गरीने सेवा | पेश गर्नुपर्ने आवश्यक कागजात/प्रमाणहरु | सेवा प्राप्त गर्न लाग्ने समय (अनुमानित) | लाग्ने दस्तुर | जिम्मेवार कर्मचारी/ सम्पर्क गर्नुपर्ने शाखा | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| १ | महत्वपुर्ण सडकहरुको मर्मत सुधार गरी यातायात सुचारु गर्ने | मौखिक तथा लिखित जानकारी | क) बाटो रोकिने कारणले समय निर्धारण हुने ख) अन्य मर्मत कार्य चलिरहने | नलाग्ने | साइंट ईन्जिनियर / सब-ईन्जिनियर | डिभिजन प्रमुख वा निजले तोकेको अधिकारी |
| २ | निर्माण सामाग्रीको गुणस्तर परिक्षण गर्ने | सिलबन्दी नमुना | एक हप्ता (परीक्षण प्रकृती अनुसार) | लाग्ने | साइंट ईन्जिनियर | डिभिजन प्रमुख वा निजले तोकेको अधिकारी |
| ३ | पिच काट्ने/खन्ने स्विकृति दिने | काट्ने/खन्ने स्थान र सडकको स्तर खुलाई व्यक्तिगत भए रु.१० को टिकट सहित निवेदन र संस्थागत भए संस्थाको पत्र | एक हप्ता | नियम अनुसार लाग्ने धरौती रकम | डिभिजन प्रमुख / साइंट ईन्जिनियर | डिभिजन प्रमुख/ डि.प्र. बाट नटुङ्गिने भए माथिल्लो निकायमा लेखी पठाउने |
|  | सडक/पुल मार्ग तथा निर्माण सम्बन्धी उजुरी सुन्ने । | निवेदन / निर्णय | उजुरीको ब्यहोरामा भर पर्ने | क) व्यक्तिगत भए रु. १० को टिकट ख) संस्थागत भए नलाग्ने । | डिभिजन प्रमुख/ डि.प्र. बाट नसकिने भए माथिल्लो निकाय |  |
| [illegible] | पेट्रोल पम्प राख्ने सिफारिस / सहमति दिने | साइट प्लान देखाएको नापी नक्सा, जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपी, नागरिकता प्रमाणपत्र प्रतिलिपी, अरुको नाममा जग्गा भए निजको मन्जुरीनामा,सम्वन्धित न.पा./गा.पा. र ट्राफिक कार्यालयको सिफारिस पत्र साथ रु. १० को टिकट टाँसी रीत पुर्वक निवेदन | न्यूनतम १५ दिन | नलाग्ने | डिभिजन प्रमुख / साईट ईन्जिनियर | डिभिजन प्रमुख / सुपरिटेण्डेण्ट ईन्जिनियर |

५. सेवा प्रदान गरिने निकायको शाखा तथा जिम्मेवारी

**क) प्राविधिक शाखा**

- नेपाल सरकारद्वारा प्रत्येक आ.व.मा विनियोजित बजेट र कार्यक्रमको अधिनमा रहि देहायको सडक तथा पुलहरुको सर्वेक्षण, लागत अनुमान तयारी, टेन्डर आव्हान तथा मुल्यांकन, निर्माण सुपरीवेक्षण (प्रचलित ऐन, कानुन, बिधि र प्रक्रिया बमोजिम) तथा योजना भुक्तानी सिफारिस र योजना सम्पन्न गर्ने ।
- रास्ट्रिय राजमार्गहरु र त्यसमा रहेका पुलहरूको नियमित संचालन, मर्मत सम्भार तथा तालुकदार निकायमा आबश्यकता अनुसार प्रतिबेदन पेश गर्ने ।
- पेट्रोल पम्प राख सम्बन्धित व्यबसायीबाट अनुरोध भै आए बमोजिम अनुगमन गरी प्रतिवेदन डिभिजन प्रमुख समक्ष पेश गर्ने ।
- रास्ट्रिय राजमार्गमा कुनै सार्वजनिक सुविधालाइ स्थानान्तरण वा स्थापना गर्नुपर्दा सम्बन्धित पक्षबाट अनुरोध भै आएको कालोपत्रे सडक काट्ने कार्यको अनुगमन, धरौटी रकमको सिफारिश र सो को पुनर्स्थापन गर्ने कार्यको अनुगमन र सिफारिश गर्ने ।

**ख) लेखा**

- स्विकृत बजेट र प्राप्त अख्तियारी अनुसार प्रचलित ऐन, नियमको अधिनमा रहि बजेट खर्च गर्ने, अभिलेख राख्ने, मासिक, चौमासिक तथा बार्षिक विवरणहरु तयार गरी सम्बन्धित निकायमा पेश गर्ने ।
- आन्तरिक र अन्तिम लेखा परिक्षण गराउने ।
- राजस्व र धरौटी सम्बन्धि काम गर्ने ।

**ग) प्रशासन**

- कर्मचारी प्रशासन सम्बन्धि कार्य
- जिन्सी ब्यबस्थापन सम्बन्धि कार्य
- अन्य शाखाबाट सन्चालन हुने कार्यहरुमा आवश्यक समन्वय र सहयोग गर्ने ।

**घ) ल्याब**

- सडक डिभिजनबाट निर्माणाधीन सडक तथा पुल योजनाका कार्यहरुको सडक विभागबाट प्रकाशित "STANDARD SPECIFICATIONS FOR ROAD AND BRIDGE WORKS (3rd Revision, 2082)" बमोजिम ल्याव टेस्ट गरी प्रतिवेदन सम्वन्धित इन्जिनियरलाइ पेश गर्ने ।
- पूर्वाधार निर्माण सम्बन्धित निकायहरुबाट अनुरोध भै आएका ल्याव टेस्ट कार्यहरुलाई समय र प्रबिधि उपलब्ध भएसम्म निर्धारित परिक्षण शुल्क लिई ल्याव परिक्षण गरी प्रतिवेदन पेश गर्ने ।

६. सेवा प्रदान गर्ने लाग्ने दस्तुर र सेवा अवधि

- नागरिक वडापत्र बुंदा नं. ४ मा उल्लेख भए बमोजिम

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय
सडक डिभिजन, प्यूठान

७. निर्णय गर्ने प्रक्रिया तथा अधिकारी

- निर्णय प्रक्रिया प्रचलित ऐन, कानुन र विधि बमोजिम हुन्छ र निर्णयगर्ने अधिकारीको रुपमा कार्यालय प्रमुख रहने ।

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

- डिभिजन प्रमुख ई. दिपक सुनार

९. आ.व. २०८२/८३ मा निकायले सम्पादन गरेको कार्यको प्रगति विवरण

- आ. व. २०८२/८३ मा सम्पादित कार्यहरुको सारांश

**कार्यालयको नामः सडक डिभिजन प्युठान**

| कियाकलाप | लक्ष्य | प्रगति | प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| २ लेन नयाँ कालोपत्रे सडक निर्माण (कि. मि.) | २.७५ | १.०५ | ३८.१८ | |
| नयाँ ट्र्याक निर्माण (कि. मि.) | १३.५ | ७.५ | ५४.७ | |
| राजमार्ग आवधिक मर्मत (कि. मि.) | १३.०५ | ५ | ३८.३ | |
| राजमार्ग पुनर्निर्माण तथा स्तरोअति (कि.मि.) | ०.७ | ० | ० | |
| आ. ब. २०८२/८३ मा सम्पन्न भएका पुलहरुको संख्या | ४ | ० | ० | |
| Crash Barrier निर्माण | ०.७ | ०.५ | १०० | |

१०. सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र पद

| कार्यालय प्रुमख | सूचना अधिकारी |
|---|---|
| नामः- ई. दिपक सुनार<br><br>पदः- सि.डि.ई.<br><br>सम्पर्क नं. ९८५७८६१५१६<br><br>Mail:- drofficepyuthan@gmail.com | नामः- विकेश लाखे<br><br>पदः- इन्जिनियर<br><br>सम्पर्क नं. ९८५७८६८००९<br><br>Mail:- drofficepyuthan@gmail.com |

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय
सडक डिभिजन, प्यूठान

११. ऐन, नियम तथा निर्देशिकाहरु

- नेपालको संबिधान
- सार्वजनिक खरिद ऐन २०६३
- सार्वजनिक खरिद नियमावली २०६४
- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७
- नेपाल सरकारले प्रत्येक आ.व. मा पेश गर्ने विनियोजन बिधेयक र सो कार्यान्वनय गर्ने कार्यविधि
- वातावरण संरक्षण ऐन २०७६ र सो को नियमावली २०७७
- सूचनाको हक सम्बन्ध ऐन २०६४ र सो को नियमावली २०६५
- अन्य प्रचलित नियम तथा कानुनहरु
- सडक ऐन २०३१

१२. आम्दानी, खर्च तथा आर्थिक कारोबारको विवरण

| आ.व. २०८२।८३ मा बिनियोजन र खर्चको साराशं | | | | रकम रु हजारमा |
|---|---|---|---|---|
| बजेट उपशिर्षक | कार्यालयको नाम:- सडक डिभिजन प्यूठान | | | |
| | विनियोजन (हजारमा) | खर्च (हजारमा) | खर्च प्रतिशत | कैफियत |
| स्थानीय सडक पुल निर्माण (33701122) | ८९८००० | १६४००० | १८.२६% | |
| बैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम (33701169) | २२००००० | ९३४००० | ४२.४५% | |
| रणनीतिक सडक पुल निर्माण तथा पुल पुलेसा संरक्षण (33701132) | ५३००० | ०० | ० % | |
| राजमार्ग स्तरोन्नती तथा पुनर्स्थापना कार्यक्रम(33701138) | ८७०००० | ३४९००० | ४०.११% | |
| सडक बोर्ड (337310113) | १७५८००० | २४१००० | १३.०७% | |
| ट्राफिक सुरक्षा (33701176) | ३२५००० | २१४००० | ३८.१५% | |
| कुल जम्मा | ५३२१००० | १६८८००० | ३१.०७% | |
| | | | | |

१३. तोकिय बमोजिमको अन्य विवरण

- नभएको।

१४. वेवसाइट

- https://www.dor.gov.np/pyuthan
- https://www.facebook.com/sadaka.dibhijana.pyuthana

१५. वैदेशिक सहायता, ऋण, अनुदान एबं प्राबिधिक सहयोग र सम्झौता सम्बन्धित विवरण

- नभएको ।

१६. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन

- माथि बुदा नं. ९ मा उल्लेख भएको ।

१७. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको संरचनाको नामावली र तेस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि

- नभएको ।

१८. सार्वजनिक निकायमा परेको सूचनाको माग सम्बन्धि निवेदन र सो उपर सूचना दिएको विवरण

- नभएको ।

२९. सार्वजनिक निकारयका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सो को विवरण

- Facebook page र website मा प्रकाशित सूचनाहरु माथि बुदा नं. १५ मा उल्लेखित address बाट हेर्न सकिने ।

समाप्त